निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रेस विज्ञप्ति

प.सं. च.नं./Ref:

मिति २०७४।०१।३१

**मतदान ५० देखि ७५ प्रतिशतसम्म**

काठमाडौं, वैशाख ३१ । स्थानीय तहको पहिलो चरणको निर्वाचनअन्तर्गत तीनवटा प्रदेशका ३४ जिल्लाका २८१ स्थानीय तहको निर्वाचनका लागि आइतबार बिहान ७ बजेबाट सुरु भएको मतदान कार्यमा ३.०० बजेसम्ममा ५० देखि ७५ प्रतिशतसम्म मतदान भएको छ । समग्रमा ६० प्रतिशत मतदान भएको छ । हाल मतदान भइरहेका मतदान केन्द्रको कुल मतदाता सङ्ख्या ४९ लाख ५६ हजार ९२५ छ । मतदान केन्द्रहरुमा मतदान कार्य शान्तिपूर्ण र उत्साहजनकरुपमा सञ्चालन भइरहेको छ । काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिकाअन्तर्गतको एउटा मतदान केन्द्रमा मतदानको कार्य सुरु हुन सकेन भने दोलखा जिल्लाको मेलुङ गा.पा वडा नं १ स्थित मेलुङस्थित सत्येश्वर मावि मतदान केन्द्रमा एक्कासि एक हुल मानिसहरु आइ मतपत्र र मतपेटिका लुटी मतदान केन्द्र तोडफोड समेत गरेको हुँदा सुरक्षाकर्मीले मतपत्र, मतपेटकि र मतदान केन्द्रको सुरक्षार्थ गोली चलाउँदा एक जना व्यक्तिको निधन भएको खवर प्राप्त भएको छ । अन्य विस्तृत विवरण आउन बाँकी छ ।

निर्वाचन आयोगमा रहेको संयुक्त निर्वाचन परिचलान केन्द्र (जेईओसी) बाट प्राप्त जानकारी अनुसार, मतदानको जिल्लागत विवरण यस प्रकार छ :

| सि.नं. | जिल्ला | प्रगति प्रतिशत |
|---|---|---|
| १ | दोलखा | ६२ |
| २ | रामेछाप | ५४ |
| ३ | सिन्धुली | ६४ |
| ४ | काभ्रेपलान्चोक | ६० |
| ५ | सिन्धुपाल्चोक | ७० |
| ६ | रसुवा | ७० |
| ७ | नुवाकोट | ७० |
| ८ | धादिङ | ५० |
| ९ | चितवन | ६५ |
| १० | मकवानपुर | ७० |
| ११ | भक्तपुर | ६५ |
| १२ | ललितपुर | ६४ |
| १३ | काठमाण्डौ | ६५ |
| १४ | गोरखा | ६० |
| १५ | जाजरकोट | ६० |
| १६ | लमजुङ | ५८ |
| १७ | तनहुँ | ६६ |
| १८ | कास्की | ६५ |
| १९ | मनाङ | ५८ |
| २० | मुस्ताङ | ७४ |
| २१ | पर्वत | ५२ |
| २२ | स्याङजा | ६५ |
| २३ | म्याग्दी | ४९ |
| २४ | वाग्लुङ | ५६ |
| २५ | नवलपरासी | ६१ |
| २६ | सल्यान | ५५ |
| २७ | डोल्पा | ७५ |
| २८ | जुम्ला | ५१ |
| २९ | मुगु | ६० |
| ३० | हुम्ला | ६५ |
| ३१ | कालिकोट | ६० |
| ३२ | दैलेख | ६२ |
| ३३ | सुर्खेत | ५९ |
| ३४ | रुकुम | ६० |

आयोगको मिडिया सेन्टरमा आजै साँझ ६:३० बजे विशेष पत्रकार सम्मेलन आयोजना गरिने जानकारी गराइन्छ ।

सूर्यप्रसाद शर्मा
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"